# आर्थिक विधेयक २०८०

छविस पाथिभेरा गाउँपालिका
ब्याँसी बझाङ्ग
सुदूरपश्चिम प्रदेश नेपाल
२०८०

# छविसपाथिभेरा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको विधेयक

## गाउँ कार्यपालिकावाट स्वीकृत मिति: २०८०।०३।०७

**प्रस्तावना:**

छविसपाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम छविसपाथिभेरा गाउँपालिकाको १२ औं गाउं सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि छविसपाथिभेरा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. भुमि तथा घर जग्गाको मालपोत कर** :गाउँपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम मालापोत कर लगाइने र असूलउपर गरिनेछ ।

**३. घर वहाल कर** :गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिवा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूलउपर गरिनेछ ।

**४.व्यवसाय कर** :गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर लगाइने र असूलउपर गरिनेछ ।

**५. जडिबुटी, कवाडी र जीवजन्तु कर** :गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूलउपर गरिनेछ ।

**६. सवारी साधन कर** :गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**७. विज्ञापन कर** : गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर** :गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्र भित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) माउल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूलउपर गरिनेछ ।

१०. **पार्किङ शुल्क** :गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूलउपर गरिनेछ ।

११. **ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूलउपर गरिनेछ ।

१२. **सेवाशुल्क, दस्तुर** :गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूलउपर गरिनेछ ।

१३. **पर्यटन शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइनेछैन । तर असहाय, अशक्त तथा आर्थिक रुपले अत्यन्तै विपन्न वर्गलाई सेवा शुल्कमा विशेष छुट गर्न सकिनेछ ।

१५. **कर तथा संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुनेछ ।

अनुसूची -१

**आ.व २०८०।०८१ को करको प्रस्तावित दर**

१. भूमी कर/मालपोत

| क्र.सं | जग्गाको क्षेत्रफल | अवल | दायम | सिम | चाहार |
|---|---|---|---|---|---|
| १ | ५ रोपनी सम्मको लागि एक मुष्ट | रु ८५। | ६५। | ४५। | २५। |
| २ | ५ रोपनी भन्दा बढी प्रत्येक १ रोपनीको लागि थप | रु २०। | १५। | १५। | १०। |

२. घर कर

| | | | |
|---|---|---|---|
| १ | पक्की घर १ तले | पक्की घर २ तले | पक्की घर ३ तले |
| | २००। | २५०। | ३००। |
| २ | कच्ची कर्कट पाताले छायको १ तले | कच्ची कर्कट पाताले छायको २ तले | कच्ची कर्कट पाताले छायको ३ तले |
| | १००। | १५०। | २००। |
| ३ | कच्ची सिलेटले छायको १ तले | कच्ची सिलेटले छायको २ तले | कच्ची सिलेटले छायको ३ तले |
| | १००। | १५०। | २००। |
| ४ | कच्ची खरले छायको १ तले | कच्ची खरले छायको २ तले | कच्ची खरले छायको ३ तले |
| | ५०। | १००। | १५०। |

अनुसूची -३

**घर जग्गाबहाल कर**

जस्तो सुकै घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा दिएको भएता पनि कुल वहाल रकमको १० प्रतिशत वा (संघीय सरकारले तोके अनुसार) का दरले वहाल कर लाग्ने छ ।

## अनुसूची -४
### व्यवसाय कर :

| क्र.सं | व्यवसायको प्रकार | कारोवारको अवस्था | करको दर ( वार्षिक) रु | कैफियत |
|---|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक ३ लाख सम्मको कारोवार हुने | १०००। | |
| | | वार्षिक ३ लाख देखी ५ लाख सम्मको कारोवार हुने | १५००। | |
| | | वार्षिक ५ लाख भन्दा बढी कारोवार हुने | २०००। | |
| २ | हार्डवयर तथा सेनेटरी | वार्षिक ५ लाख सम्मको कारोवार हुने | २०००। | |
| | | वार्षिक ५ लाख भन्दा बढी कारोवार हुने | २५००। | |
| ३ | कपडा तथा फेन्सी ( विक्री वितरण) | वार्षिक ३ लाख सम्मको कारोवार हुने | १५००। | |
| | | वार्षिक ३ लाख भन्दा बढी कारोवार हुने | २०००। | |
| ४ | कस्मेटिक तथा व्युटिपार्लर | वार्षिक २ लाख सम्मको कारोवार हुने | १०००। | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोवार हुने | १५००। | |
| ५ | मदिरा विक्रि वितरण | वार्षिक २ लाख सम्म कारोबार हुने | ५०००। | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोवार हुने | १००००। | |
| ६ | प्लाष्टिक तथा भाडा पसल | वार्षिक २ लाख सम्मको कारोबार हुने | १०००। | |
| | | वार्षिक २ लाख देखि ५ लाख सम्मको कारोबार हुने | १५००। | |
| | | वार्षिक ५ लाख भन्दा बढी कारोबार हुने | २०००। | |
| ७ | उपभोग्य सामाग्री/किराना पसल | वार्षिक २ लाख सम्मको कारोबार हुने | १५००। | |
| | | वार्षिक २ लाख भन्दा बढि कारोबार हुने | २५००। | |
| ८ | फ्रेस हाउस सञ्चालन | वार्षिक २ लाख सम्मको कारोबार हुने | १०००। | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | १५००। | |
| ९ | सुनचाँदी/ज्वेलरी | वार्षिक १० लाख सम्मको कारोबार हुने | २५००। | |
| | | वार्षिक १० लाख भन्दा बढी कारोबार हुने | ४०००। | |
| १० | फर्निचर उद्योग विक्रि/वितरण | वार्षिक ३ लाख सम्मको कारोबार हुने | २०००। | |
| | | वार्षिक ३ लाख भन्दा बढी कारोबार हुने | २५००। | |
| ११ | इलेक्ट्रीक तथा इलेक्ट्रोनिक कारोवार | वार्षिक २ लाख सम्मको कारोबार हुने | १०००। | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | १५००। | |
| १२ | मोटर वर्कसप | वार्षिक २ लाख सम्मको कारोबार हुने | १०००। | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | १५००। | |
| १३ | व्यवसायिक कृषि तथा पशुपालन | वार्षिक २ लाख सम्मको कारोबार हुने | ५००। | |
| | | वार्षिक २ लाख भन्दा बढी कारोबार हुने | १०००। | |

| | | |
|---|---|---|
| १४ | माथिका दुइ वा सो भन्दा बढी कारोवार गर्ने | इजाजत प्राप्त मुख्य कारोबारको लागि माथि तोकिए बमोजिम हुने र थप प्रत्येक कारोबारका लगि माथि तोकिएको न्यूनतम दरको (५० प्रतिशत) का दरले बढ्दै जाने |
| १५ | पानी घट्ट सञ्चालन | ३ महिना सम्म रु. १५०, ६ महिना रु २००, वर्षैभरी चल्नेलाई रु २५०। |
| १६ | दहत्तर बहत्तर | वालुवा प्रति ट्रलि रु.५००। प्रति ट्रक रु.१२००। ढुङ्गा प्रति चट्टा रु. १००। |
| १७ | (घ) वर्गको ठेक्का नविकरण प्रतिलिपि तथा इजाजत | क) असोज मसान्त भित्र नविकरण गर्दा रु १०००। नविकरण शुल्क र थप रु २०००। स्थानिय विकास शुल्क ।<br>ख) असोज देखि चैत्रमसान्त भित्र रु २०००। नविकरण शुल्क र थप रु २०००। स्थानिय विकास शुल्क ।<br>ग) प्रत्येक नयाँ इजाजत दिदा रु १०००। इजाजत शुल्क रु थप रु ९०००। स्थानिय विकास शुल्क ।<br>घ) प्रतिलिपि वाफत रु १०००।<br>ङ) इजाजत नामसारी वाफत रु ५०००। |
| १८ | | घ वर्गको ठेक्का लाइसेन्सको नविकरण प्रत्येक वर्ष तोकिएको समयमा अनिवार्य गर्ने, यदि सो नगरेमा प्रत्येक वर्ष २०००। का दरले जरिवाना गरी जम्मा रु ५०००। दस्तुर लिई नविकरण गर्ने, यदि ३ वर्ष सम्म नविकरण नगरेमा सो ठेक्का लाइसेन्स स्वत: रद्ध हुने । |

| | | |
|---|---|---|
| १९ | खोटो संकलन गरी निकासी प्रति किलो | रु.१। |
| २० | नयाँ गै.स.स दर्ता सिफारिस दस्तुर | १५००। |
| २१ | गै.स.स नविकरण सिफारिस दस्तुर | ५००। |
| २२ | क) १० लाख सम्म कारोबार | १०००। |
| | ख) १० लाख देखि ५० लाख सम्म कारोबार | १५००। |
| | ग) ५० लाख देखि १ करोड सम्म कारोबार | ५०००। |
| | घ) १ करोडा भन्दा माथिको कारोबार | १००००। |
| | ङ) खानेपानी सिचाई तथा जलस्रोत मुहान दर्ता नयाँ | १५००। |
| २३ | (क) खानेपानी सिचाई तथा जनश्रोत मुहान दर्ता नविकरण | १५००। |

यस्तो कर व्यवसाय दर्ता र वार्षिक नविकरण गर्दा असुल गरिनेछ ।

## अनुसूची -५
## जडीबुटी, कवाडी र जीवजन्तु, खानी तथा खनिजजन्य

| क्र.सं | मालसामान | प्रति इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | यार्चागुम्बा | के.जी | ५०००। | |
| २ | वनलसुन | के.जी | १०००। | |
| ३ | सतुवा | के.जी | २००। | |
| ४ | गुच्छे च्याउ | के.जी | ५००। | |
| ५ | जटामसी | के.जी | ५०। | |
| ६ | पाषणवेद | के.जी | ५। | |
| ७ | कुरीलो | के.जी | ५। | |
| ८ | रातो च्याउ | के.जी | २५०। | |
| ९ | चिराइतो | के.जी | २५। | |
| १० | अल्लोको लोक्ता | के.जी | ५। | |
| ११ | भाङ्गोको लोक्ता | के.जी | ५। | |
| १२ | दाना वाला भाङ्गो | के.जी | ५। | |

| क्र.सं | मालसामान | प्रति इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १० | कटुकी | के.जी | १००। | |
| ११ | पदमचाल | के.जी | ५। | |
| १२ | निरविसी | के.जी | ५। | |
| १३ | गनाइलो | के.जी | ५। | |
| १४ | सुगन्धवाल | के.जी | ५। | |
| १५ | वनआलु | के.जी | १००। | |
| १६ | अमला | के.जी | ५। | |
| १७ | रिठा | के.जी | ३। | |
| १८ | सेतकचिनी | के.जी | ५। | |
| १९ | कुटानी पिसानी कर | प्रति वर्ष | १०००। | |
| २० | लघु जलविद्युत | प्रति कि.वा | १००। | |
| २१ | दालचिनी | के.जी | ५। | |
| २२ | भटमास | के.जी | २। | |

### खनिज तथा खनिजजन्य

| क्र.सं | मालसामान | दर | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा प्रति चट्टा | १५०। | |
| २ | गिट्टी तथा बालुवा प्रति बोरा | १०। | |
| ३ | माटो प्रति वोरा | १०। | |

## अनुसूची -६
## सवारी साधन दर

क) वार्षिक दर्ता तथा नविकरण

| क.सं | सवारी साधनको नाम | दर्ता दर | नविकरण दर |
|---|---|---|---|
| १ | जीप | २०००। | १५००। |
| २ | ट्याक्टर | २५००। | २०००। |

### प्रत्यक महिनाको कर

| क.सं | सवारी साधनको नाम | पटके दर | कैफियत |
|---|---|---|---|
| १ | जीप | रु.१०००। | प्रतिमहिना |
| २ | ट्याक्टर | रु १५००। | प्रतिमहिना |
| ३ | खच्चड कर | रु २००। | प्रति खच्चड प्रति वर्ष |

## अनुसूची-७
## विज्ञापन कर १५ प्रतिशत
## अनुसूची -८

### मनोरञ्जन कर

| क.सं | मनोरञ्जन सम्बन्धी माध्यम | पटके दर | कैफियत |
|---|---|---|---|
| १ | पटके भिडीयो देखाउनेको हकमा | रु.२५०। | प्रत्यक शोको लागि |
| | | | |

अनुसूची -९
वहाल विटउली कर
अनुसूची -१०
पार्किङ कर
अनुसूची -११
ट्रेकिङ कर

अनुसूची -१२
सेवाशुल्क, दस्तुर

| क्र.सं | सेवाको प्रकार | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १००। | |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | २००। | |
| ३ | पेन्सन पट्टा नामसारी सिफारिस | ३००। | |
| ४ | जग्गा नामसारी | ५००। | |
| ५ | चारकिल्ला प्रमाणित | ५००। | |
| ६ | धितो मूल्याङ्कन/सम्पति मूल्याङ्कन | ०.१% | कुल रकमको |
| ७ | आर्थिक सहायता छात्रवृति सिफारिस | निःशुल्क | |
| ८ | बन्दुक नविकरण | ५००। | |
| ९ | नाता प्रमाणित | ५००। | |
| १० | अन्य सिफारिस नेपालीमा | १००। | |
| ११ | योजना सिफारिस | | |
| क) | संघीय सरकारमा सिफारिस | ३००। | |
| ख) | प्रदेश सरकारमा सिफारिस | २००। | |
| १२ | अंग्रेजीमा सिफारिस विदेश जाने प्रयोजनका लागि | ५००। | |
| १३ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने | ५००। | |
| १४ | विद्यालय कक्षा थप गर्ने सिफारिस गर्ने | १०००। | |
| १५ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस गर्ने | १०००। | |
| १६ | विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने | १०००। | |
| १७ | नामसारी गर्न सिफारिस गर्ने | ५००। | |
| १८ | जग्गाको हक सम्वन्धी सिफारिस गर्ने | १५०। | |
| १९ | मदिरा लाईसेन्स सिफारिस दस्तुर | १५०००। | |
| २० | मदिरा लोईसेन्सको नविकरण सिफारिस दस्तुर | १५००। | |

**योजना सन्चालनमा सिफारिस तथा सेवा शुल्क**

३ लाख सम्मको योजनाको लागि सिफारिस सेवा शुल्क रु. ३००।

५ लाख देखि १० लाख सम्मको लागि सिफारिस सेवा शुल्क रु. १,०००।

१० लाख देखि २० लाख सम्मको लागि सिफारिस सेवा शुल्क रु. २,०००।

२० लाख देखि ४० लाख सम्मको लागि सिफारिस सेवा शुल्क रु. ३,०००।

४० लाख देखि ६० लाख सम्मको लागि सिफारिस सेवा शुल्क रु. ४,५००।

६० लाख देखि १ करोड सम्मको लागि सिफारिस सेवा शुल्क रु. ६,०००।

१ करोड भन्दा माथिको लागि सिफारिस सेवा शुल्क रु. १०,०००।

निकासी दर

१. भैसी/राँगा निकासी दर प्रति गोटा रु.१०००।

२. बाखा तथा भेडा निकासी कर प्रति गोटा रु. १००।

दर्ता तथा नविकरण शुल्क

बहुउद्धेशियय सहकारी संस्था दर्ता शुल्क रु. २५००।

नविकरण शुल्क रु. २०००।

कृषि सहकारी दर्ता रु. २०००।

नविकरण शुल्क रु. १५००।

ऋण तथा वचत सहकारी संस्था दर्ता रु. २०००।

नविकरण रु. १०००

कृषक समुह दर्ता रु. १५००।

नविकरण शुल्क रु. ५००।

वन दर्ता शुल्क रु ५०००।

कृषि फर्म सूचिकरण रु १०००।

अनुसूची-१३
पर्यटन शुल्क
समाप्त

भुमिका

छविसपाथिभेरा गाउँपालिकाको आर्थिक विकास र समृद्धिका लागि आ.व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रमको तयारीका लागि गाउँपालिका क्षेत्र भित्र परिचालन गर्न सकिने राजश्वका श्रोत दर र दायरा समेतको विश्लेषण गर्न स्थानिय तहको योजना बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम राजश्व परामर्श समिति गठन भै उक्त समितिको परामर्शको अधिनमा रही वार्षिक आन्तरिक राजश्व अनुमान गर्न सहजीकरणका लागि गठित यस समितिले विभिन्न विज्ञ, सदश्यहरु, विषयगत शाखा तथा गत विगतको यस गाउँपालिकाको आन्तरिक राजश्वको विश्लेषण गरी आगामी आ.व. २०८०।०८१ को लागि विभिन्न कर को दायरा तयार पारेको छ ।

आगामि आ.व. २०८०।०८१ को लाग पेश हुन गई रहेको यस छविसपाथिभेरा गउँपालिकाको वार्षिक बजेटले समन्यायिक कर प्रणालीलाई सबै क्षेत्रमा करको असुलीमा प्रभावकारिता ल्याई कार्यान्वयन योग्य बनाउने छ भन्ने हेतुले यो प्रतिवेदन तयार पारिएको हो । यस प्रतिवेदनले छविसपाथिभेरा गाउँपालिकाको दिगो विकासका लागि सहयोग पुग्नेछ भन्ने विश्वाश लिएको छु ।

यो प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने तथा अमुल्य सुझाव प्रदान गर्नुहुने यस समितिका सदस्य ज्यूहरु, विभिन्न विषयका विज्ञ महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । धन्यवाद ।

**प्रतिवेदक**
लछिमन बोहरा
संयोजक
राजश्व परामर्श समिति
छविसपाथिभेरा गाउँपालिका व्याँसी, बझाङ्ग